## कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा, बाँकेबाट संचालन हुने मुख्य कार्यक्रमहरू

१. कृषक तथा प्राविधिक तालिम तथा गोष्ठी

१.१. प्रदेश स्तरीय कृषक तालिम (तरकारी, फलफुल, च्याउ तथा खाद्यान्न खेति, बिउ उत्पादन, मौरीपालन, उद्यमशिलता विकास, प्राङ्गारिक खेति, कृषि यान्त्रिकरण)

१.२ प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको क्षमता विकास तालिम

१.३ प्रदेश तथा स्थानीय तहमा कार्यरत सहायक चौंथो देखि अधिकृतस्तर छैठौं सम्मका कर्मचारीहरुको लागि आधारभूत सेवाकालिन तालिम

१.४ पाठ्यक्रम निर्माण र परिमार्जन तथा अन्तर प्रदेश अनुभव आदान प्रदान गोष्ठी

१.५ जिल्ला समन्वय समिति र स्थानिय तह संग कृषि क्षेत्रमा क्षमता अभिबृद्धि सम्बन्धि अन्तरकृया गोष्ठि

१.६ कृषि बजार तथा अन्य सरोकार वालाहरुसंग अन्तरक्रिया गोष्ठी

२. प्राविधिक सेवाटेवा कार्यक्रम

२.१. किसान कल सेन्टर संचालन

२.२. कृषि प्रविधि सम्बन्धि प्रचार प्रसार सामाग्री प्रकाशन तथा वितरण

२.३. नमुना कृषि प्रविधि प्रदर्शन कार्यक्रम

३. यन्त्र तथा पूर्वाधार विकास कार्यक्रम

३.१. मागमा आधारीत कृषि उपज बजार निर्माण तथा संचालन कार्यक्रम

३.२. आधुनिक प्रविधिका कृषि यन्त्र उपकरण भाडामा वितरण

४. युवा लक्षित कृषि प्रवर्द्धन कार्यक्रम

४.१. कृषि उद्यमी सहयोग अनुदान कार्यक्रम

४.२. महिला उद्यमी सहयोग अनुदान कार्यक्रम

४.३. कृषि व्यवसाय प्रवर्द्धन सहयोग कार्यक्रम

## कार्यरत कर्मचारीहरू


अमरराज शर्मा घिमिरे


बिनोद सुनार


अनिश श्रेष्ठ


भुवन कु. के.सी.


अमरराज आचार्य


भोला प्रसाद शर्मा


राधिका पौडेल


खड्क ब. बस्नेत


रुद्रमणि खरेल


चन्द्र बहादुर डाँगी


दुर्गा पाठक


पञ्चम यादव


नब्बन भंगी


प्रदेश सरकार
प्रदेश नं.५
भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र**
खजुरा, बाँके
फोन नं. ०८१-५६०४४२
E-mail: abpstckhajura@gmail.com
Website: abpstc.p5.gov.np
टोल फ्रि नं.: १६६०८१५२०९९


# कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र

## खजुरा, बाँके

# परिचयात्मक ब्रोसर

प्रदेश नं. ५





प्रदेश सरकार
प्रदेश नं.५
भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र**
खजुरा, बाँके
फोन नं. ०८१-५६०४४२
E-mail: abpstckhajura@gmail.com
Website: abpstc.p5.gov.np
टोल फ्रि नं.: १६६०८१५२०९९

## पृष्ठभूमि:

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन उपयुक्त प्रविधि कृषक समक्ष पुर्‍याउनको लागि तालिम एक सशक्त माध्यम हो। यही कुरालाई हृदयाङ्गम गरी तत्कालीन श्री ५ को सरकारको मिति २०४४ माघ २४ को निर्णयले तत्कालीन कृषि तालिम तथा प्रसार शाखाबाट अलग्याई केन्द्रीय कृषि तालिम केन्द्र र पाँच विकास क्षेत्रका तराई र पहाडमा १/१ गरी जम्मा १० वटा क्षेत्रीय कृषि तालिम केन्द्रहरु स्थापना गरिएका थिए। सोही बमोजिम बाँकेको खजुरामा क्षेत्रिय कृषि तालिम केन्द्र स्थापना गरिएको थियो। देश संघिय गणतान्त्रिक व्यवस्थामा रुपान्तरित भई संघ, प्रदेश र स्थानिय निकायमा परिमार्जन भएकोमा साविकको क्षेत्रिय कृषि तालिम केन्द्र, खजुरा, बाँके विघटन भई आ.व २०७५/०७६ देखि भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं ५ मातहत रही कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्रको रुपमा यस कार्यालयले प्रदेश तथा स्थानिय तहका कर्मचारी, कृषकहरुको लागि तालिम संचालन तथा कृषि व्यवसाय प्रवर्द्धनका गतिविधि संचालन गर्ने मुख्य उद्धेश्य सहित काम गर्दै आएको छ।



## कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, खजुरा, बाँकेको कार्य विवरण

प्रदेश नं. ५ का १२ वटा जिल्ला कार्यक्षेत्र रहने गरी भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५ बाट यस कार्यालयलाई निम्न बमोजिमको कार्यविवरण प्रदान गरिएको छ,

- प्रदेश स्तरका कृषि उद्यमी तथा व्यवसायीहरुको रोष्टर तयार तथा अद्यावधिक गर्ने,
- प्रदेश अन्तरगत कृषि बाली र वस्तुको विकास एवं विस्तारका व्यवसायिक योजना तर्जुमा तथा कार्यान्वयन र कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक व्यवसायिक योजना तयारीमा सहयोग गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक पूर्वाधार तथा सुविधाको पहिचान गरी आवश्यक कार्यक्रम संचालन गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनमा आवश्यक सेवा सुविधा प्राप्तिका लागि सम्वन्धित निकायहरुसंग सम्वन्ध स्थापित गराइदिने,
- विभिन्न कृषि उद्यम तथा व्यवसाय संचालनका लागि आधारभूत जानकारीहरु प्रदान गर्ने,
- कृषि उद्यम तथा व्यवसाय प्रवर्द्धन संग सम्वन्धित निकायहरु वीच समन्वय कायम गर्ने,
- विदेशवाट फर्केका कृषि व्यवसाय तथा उद्यम गर्न चाहने युवा कृषकहरुलाइ उद्यम तथा व्यवसाय संचालनमा आवश्यक सहजीकरण गर्ने,
- कृषि बजार तथा पूर्वाधार विकासमा सहयोग,
- प्रदेश स्तरमा कृषि प्रविधि विस्तार कार्यमा सहयोग गर्ने,
- कृषि उद्यमी तथा व्यवसायीहरुलाइ व्यवसाय संचालनका लागि आवश्यक ज्ञान तथा सिप प्रदान गर्न तालिम आवश्यकता पहिचान गरी सो अनुरुप विशिष्टीकृत ज्ञान, शीप प्रदान गर्न विशिष्ठिकृत तालिम कार्यक्रम संचालन गर्ने,
- प्रदेश र स्थानीयतहमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई तालिम आवश्यकता पहिचानमा आधारित तालिम संचालन तथा क्षमता विकासका कार्यहरु गर्ने,
- तोकिएको शुल्क लिइ अन्य निकायवाट माग भइ आए बमोजिम कृषि उद्यम तथा व्यवसाय संचालन एवं प्रवर्द्धन सम्वन्धी तालिमहरु संचालनको व्यवस्था गर्ने,
- कृषि ज्ञान केन्द्रहरुवाट संचालित व्यवसायिक योजना कार्यान्वयन तथा शिपविकास सम्वन्धि कार्यहरुको अनुगमन गर्ने तथा निर्देशन दिने,

## सांगठनिक संरचना

**प्रमुख**
रा.प.प्र.(प्रा.)

**कृषि व्यवसाय तालिम शाखा**
बरिष्ठ कृषि प्रसार अधिकृत-१
कृषि प्रसार अधिकृत-१
प्राविधिक सहायक (कृषि प्रसार)-२

**कृषि व्यवसाय प्रवर्द्धन सहयोग शाखा**
बरिष्ठ कृषि अर्थ विज्ञ-१
कृषि प्रसार अधिकृत-१
प्राविधिक सहायक (एग्रिईको एण्ड मार्केटिङ)-१

**प्रशाशन शाखा**
नायव सुब्बा रा.प. अनं.प्र.-१
लेखापाल रा.प. अनं. प्र.-१
खरिदार रा.प.अनं. द्वी.-१
हलुका सवारि चालक-२
कार्यालय सहयोगी-३

## कर्मचारी विवरण

कार्यालयको कुल दरबन्दी १६ जनाको रहे पनि हाललाई निम्न बमोजिम १३ जना कर्मचारीहरु कार्यरत रहेका छन्,

| क्र.स. | नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | अमरराज शर्मा घिमिरे | बरिष्ठ कृषि प्रसार अधिकृत (अधिकृतस्तर दशौं) | ९८४५०८५८५५ |
| २ | बिनोद सुनार | कृषि प्रसार अधिकृत (अधिकृतस्तर सातौं) | ९८६८६२६३४३ |
| ३ | अनिश श्रेष्ठ | कृषि प्रसार अधिकृत (अधिकृतस्तर सातौं ) | ९८४८०८४४७४ |
| ४ | भुवन कुमार केसी | लेखा (अधिकृतस्तर छैठौं) | ९८५८०२७८८८ |
| ५ | अमरराज आचार्य | अधिकृतस्तर छैठौ (कृषि अर्थ) | ९८४८०७०८५१ |
| ६ | भोला प्रसाद शर्मा | प्रशासन (अधिकृतस्तर छैठौं) | ९८४७९०७४५७ |
| ७ | राधिका पौडेल | अधिकृतस्तर छैठौ (कृषि प्रसार) | ९८४८०९४७५५ |
| ८ | खडक बहादुर बस्नेत | अधिकृतस्तर छैठौ (कृषि प्रसार) | ९८४१५५७०३३ |
| ९ | रुद्रमणि खरेल | सहायकस्तर पाचौं | ९८४८४०२९१७ |
| १० | चन्द्र बहादुर डाँगी | हलुका सवारी चालक | ९८६८९६०७५२ |
| ११ | दुर्गा पाठक | कार्यालय सहयोगी | ९८६८१७०२९९ |
| १२ | पञ्चम यादव | कार्यालय सहयोगी | ९८१६५५४८७५ |
| १३ | नब्बन भंगी | कार्यालय सहयोगी | ९८००५५८१६९ |